मालपोत

# पाँचथर जिल्ला अदालतबाट प्रकाशित
## १५ दिने सूचना
## (बिगो नं. ४४, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/जाहेरवाला जिल्ला ताप्लेजुङ साविक लिवाङ गा.वि.स. वडा नं. ३ हाल मिक्वाखोला गाउँपालिका वडा नं. ३ घर भई हाल जिल्ला काठमाण्डौं काठमाण्डौं म.न.पा. वडा नं. ३२ बस्ने चिन्तङ लिवाङको जाहेरीले बादी नेपाल सरकार प्रतिवादी जिल्ला पाँचथर साविक एकतिन गा.वि.स. वडा नं. १ परिवर्तित फालेलुङ गा.पा. वडा नं. २ घर भई हाल काठमाण्डौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं. ५ बस्ने मोहन केरुङ भएको मु.नं. ०७७-CB-००७९१ को बैंकिङ कसूर मुद्दामा उच्च अदालत पाटनबाट मिति २०७८/०२/३० को फैसला बमोजिम जाहेरवालाले प्रतिवादीबाट बिगो रु.२१,६०,०००।– भराई पाऊँ भनी वादीको मिति २०८०/०१/१३ मा दरखास्त परी कारबाहीक्रममा प्रतिवादीको नाममा १५ दिने जनाउ म्याद जारी गरिएकोमा सो म्याद मिति २०८०/०२/०९ मा तामेल भई निर्दिष्ट मिति भित्र प्रतिवादीले सो रकम दाखिल नगरेको हुँदा बादीले बिगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादीका नाममा दर्ता रहेको जेथाको डाक लिलाम गरी बिगो भराईदिनका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०८०/०८/२१ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले मिति २०८१।०३।०५ गतेमा लिलाम हुने गरी बिगो भराईदिनका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना तपसिलको जग्गामा-१, फालेलुङ गा.पा. २ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय, फिदिममा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०८१/०३/०५ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढावढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढावढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोही दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | दर्तावाला | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | पञ्चकिर्ती मूल्य (प्रति रोपनी) |
|---|---|---|---|---|---|---|---|
| १ | रत्नमान केरुङ | पाँचथर | एकतिन | १क | १९५ | ०-११-०-२ | रु.६०,०००।– |
| २ | रत्नमान केरुङ | पाँचथर | एकतिन | १क | २०० | ५-०-०-० | रु.६०,०००।– |
| ३ | रत्नमान केरुङ | पाँचथर | एकतिन | १क | ७५ | १-०-१-२ | रु.६०,०००।– |
| ४ | रत्नमान केरुङ | पाँचथर | एकतिन | १क | १२२ | १-०-२-३ | रु.६०,०००।– |
| ५ | रत्नमान केरुङ | पाँचथर | एकतिन | १क | १२३ | २-७-१-३ | रु.६०,०००।– |
| ६ | रत्नमान केरुङ | पाँचथर | एकतिन | १क | १४८ | १-४-०-२ | रु.६०,०००।– |
| ७ | रत्नमान केरुङ | पाँचथर | एकतिन | १क | ७१ | १-७-०-० | रु.६०,०००।– |
| ८ | रत्नमान केरुङ | पाँचथर | एकतिन | १क | २०१ | ६-३-३-० | रु.६०,०००।– |
| ९ | रत्नमान केरुङ | पाँचथर | एकतिन | १क | १९४ | ०-९-३-३ | रु.६०,०००।– |

ईति सम्वत २०८१ साल जेठ ८ गते रोज ३ शुभम्-------------------------------------------------